श्री

## राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम पुल्चोक ललितपुर

**इजलास**

**माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना**

**लेखा सदस्य श्री वासुदेव खनाल**

**फैसला**

२०७९/८० सालको निर्णय नं.२३७

पुनरावेदन नं :.०७८-RB-००५६

पुनरावेदन दर्ता मितिः२०७८।०५।१०

**मुद्दाः मूल्य अभिवृद्धिकर (२०७२।०७३ देखी २०७५/०७६)**

ल.पु.जि.ल.पु.म.न.पा, वडा नं.२, चौधरी हाउस, सानेपामा प्रधान कार्यालय रहेको साविक सि.जि.सफारी एण्ड टुर्स प्रा.लि.को हाल परिवर्तित नाम मेघौली सेराई सफारी रिसोर्ट प्रा.लि.का. अख्तियार प्राप्त श्री रामहरी सापकोटा.................................१ } पुनरावेदक

**विरुद्ध**

श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं....................................१ } प्रत्यर्थी
श्री आन्तरिक राजस्व कार्यालय, हरिहरभवन ललितपुर..................................१ }

**शुरु. निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु. निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व कार्यालय, हरिहरभवन ललितपुर
शुरु. निर्णय गर्ने अधिकारी : प्रमुख कर अधिकृत श्री लाल बहादुर खत्री
शुरु. निर्णय मिति : २०७५।१२।२५

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र अधिकारी**

निर्णय गर्ने कार्यालय : आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौं
निर्णय गर्ने अधिकारी : महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मिति : २०७७।०३।०१

**उपस्थित कानून व्यवसायीहरु.**

पुनरावेदकका तर्फबाट :विद्वान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल
: विद्वान अधिवक्ता श्री टिकाराज कार्की
: विद्वान अधिवक्ता श्री रामहरी सापकोटा
प्रत्यर्थी कार्यालयका तर्फबाट :विद्वान सहायक-न्यायाधिवक्ता श्री विकास बन्जारा

आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको मिति २०७७।०३।०१ को निर्णय उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ३२ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**तथ्य खण्ड**

१. आन्तरिक राजस्व कार्यालय, ललितपुरको कार्यक्षेत्र अन्तर्गतका करदाता श्री सी.जी. सफारी एण्ड टुर्स प्रा.लि.को मिति २०७५।१२।१० मा स्वीकृत भएको चालु वर्षको कारोवार परिक्षण प्रतिवेदन बमोजिम मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा २०(१) वमोजिम मूल्य अभिवृद्धि कर, जरिवाना, थप दस्तुर र व्याज समेतको गणना गरी जम्मा रू.२,४३,३३,६६७।०० (अक्षेरूपी दुई करोड त्रिचालिस लाख तेत्तिस हजार छ सय सड्साठी रूपैया मात्र) को मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(१) वमोजिम प्रारम्भिक कर निर्धारण आदेश गर्ने गरी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५।१२।१० मा जारी गरेको सूचना।

२. मुल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम जारी गरिएको उक्त सूचनामा मूल्य अभिवृद्धि कर तिर्नु नपर्ने वा सोमा परिवर्तन गर्नु पर्ने भए ठोस प्रमाण पेश गर्न १५ (पन्ध्र) दिनको म्याद दिइएकोमा उक्त आदेश पत्र करदाताले मिति २०७७।१२।११ मा बुझिलिई सो को लिखित जवाफ मिति २०७५।१२।२४ मा पेश गरेको।

३. करदाताले लिएको जिकिरका सम्बन्धमा छानविन गर्दा २०७५ श्रावण र भाद्र महिनाको कर विवरणको अन्य थपघट क्रेडिट महलमा समावेश गरी करकट्टी दाबी गरेको रकम क्रमसः रु. १२,९२२।- र रु.. ६,९८,१७८।- लाई पुष्टी गर्ने विल विजक तथा प्रमाण जवाफसाथ पेश हुन आएकाले सो को हदसम्म अन्तिम कर निर्धारण गर्दा संशोधन गर्ने र करदाताबाट पेश भएको अरु. जवाफको सम्बन्धमा करदाताले लिएको जिकिर मिलेको नदेखिएकाले सो अनुसारको रकम हटाई मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम २९(३) बमोजिम अन्तिम कर निर्धारण आदेश जारी गर्ने गरी आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५।१२।२५ मा जारी भएको अन्तिम कर निर्धारणको निर्णय पर्चा।

४. आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५।१२।२५ मा भएको आ.व. २०७२/०७३ देखि आर्थिक वर्ष २०७५/०७६ सम्म को मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण आदेशमा चित्त नबुझी पुनरावेदक करदाता साविक सि.जी. सफारी एण्ड टुर्स प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६।०२।३१ मा आन्तरिक राजस्व विभागमा निवेदन पेश गरेको।

५. पुनरावेदक करदाताको हकमा आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट मिति २०७५।१२।२५ मा भएको अन्तिम कर निर्धारण आदेशमा लिईएका आधार तथा

कारणहरु. तथ्यपूर्ण र कानूनसम्मत भएको हुँदा निवेदकको जिकिर पुग्न नसक्ने ठहर गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०१ मा प्रशासकीय पुनरावलोकनको क्रममा भएको निर्णय।

६. आन्तरिक राजस्व कार्यालयबाट जारी आदेशको बुँदा नं. (क) मा कर निर्धारण गर्ने कारण तथा आधार मध्ये मू.अ.कर ऐन, २०५२ को दफा ८(३) र मू.अ.कर नियमावली, २०५३ को नियम ६ख. को व्यवस्था बमोजिम कर निर्धारण गरिएको भन्ने आधार र कारणबाट निर्धारण गरिएको मु.अ.कर रु.१,८७,८४,२७८।— र सो मा लगाइएको जरिवाना रु.४६,९६,०६९।— गरी जम्मा रु.२,३४,८०,३४७।— कानुन सम्मत नभएको, सि.जि. सफारी एण्ड टूर्स प्रा.लि.ले ऐनको दफा ८(३) को पूर्ण पालना गरी करको गणना गरेको र सो कर रकम भुक्तानी समेत गरिसकेको अवस्थामा आन्तरिक राजस्व कार्यालयबाट ऐनको दफा २०(१) बमोजिम कर निर्धारण हुनु तथा दफा २९(१) बमोजिम जरिवाना, ब्याज र थप दस्तुर लगाउनु न्यायोचित र कानुनसम्मत नहुने, मु.अ.कर ऐन, २०५२ को दफा ८(३) अनुसार स्वयं कर निर्धारणको माध्यमबाट सृजना भएको कर दायित्व फरफारक गरि सकेकोले पुनः कर निर्धारण गर्न कानून सम्मत हुदैन तसर्थ शुरु कार्यालयबाट मूल्य अभिबृद्धि कर नियमावली, २०५३ को नियम २९(१) बमोजिम निर्धारण गरिएको कर निर्धारण एवं मु.अ.कर ऐन, २०५२ को दफा १९ बमोजिम लगाइएको जरिवाना समेत न्यायका दृष्टिमा मान्य नहुने हुदां बदर गरिपाउँ भन्ने समेत व्यहोराको करदाताले यस न्यायाधिकरण समक्ष मिति २०७८।०५।१० मा दर्ता गरेको पुनरावेदन पत्र।

७. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४० को उपदफा (३) बमोजिम छलफल प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पेशीको सूचना दिई नियमानुसार पेश गर्नु भनी यस न्यायाधिकरणबाट मिति २०७९।१०।०६ मा भएको आदेश।

## ठहर खण्ड

८. नियम बमोजिम पेशी सूचीमा चढी निर्णयार्थ इजलास समक्ष पेश हुन आएको प्रस्तुत मुद्दामा मिसिल संलग्न पुनरावेदन पत्र, प्रत्यर्थी आन्तरिक राजस्व कार्यालय ललितपुर समेतबाट प्राप्त हुन आएको शुरु मिसिल लगायतका अन्य कागजातहरु समेत अध्ययन गरी पुनरावेदक करदाता सि.जी. सिमेन्ट ईण्डष्ट्रिज प्रा.लि.का तर्फबाट उपस्थित हुनुभएका विद्वान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताद्वय श्री टिकाराज कार्की र श्री रामहरी सापकोटाले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(२) आफैंमा विवादित दफा भएको अवस्थामा प्रत्यर्थी कार्यालयहरुबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को मर्म र भावना विपरित हुने गरी करदाताबाट पेश भएको प्रमाणहरुको उचित मूल्यांकन र विवेचना नगरी केवल करदातालाई करको दायित्व थोपर्ने गरी व्याज, जरिवाना तथा शुल्क समेत कायम गराई करदाताको

मागदावी विपरित भएको आदेश तथा निर्णय त्रूटिपूर्ण रहेको हुँदा बदर गरी पुनरावेदन मागदावी बमोजिम गरी पाउँ भनी तथा प्रत्यर्थी कार्यालयहरुका तर्फबाट उपस्थित हुनुभएका विशेष सरकारी वकीलको कार्यालय, काठमाडौंका विद्वान सहायक-न्यायाधिवक्ता श्री विकास बन्जाराले करदाताको हकमा मूल्य अभिवृद्धि कर निर्धारण गर्ने गरी आन्तरिक राजस्व कार्यालय ललितपुरबाट भएको निर्णय तथा सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत विधिसम्मत रहेको हुँदा उक्त निर्णय सदर गरी पाउँ भनी गर्नुभएको बहस समेत सुनियो।

९. पुनरावेदक करदाताबाट लिइएको पुनरावेदन जिकिर, दुवै तर्फका विद्वानहरुबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालय ललितपुरबाट पुनरावेदक करदाताको हकमा भएको अन्तिम कर निर्धारणको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? पुनरावेदक करदाताको पुनरावेदन जिकिर पुग्न सक्छ, सक्दैन? भन्ने सम्बन्धमा नै निर्णय दिनुपर्ने देखियो।

१०. निर्णय तर्फ विचार गर्दा, आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेशमा करदाताले व्यवसायिक प्रयोजनका लागि निर्माण गरेको भवनको आ.व.२०७२।०७३ मा पूँजीकरण गरेको रकममध्ये रु.१४,३९,३३,५७६।९२ मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तिकर्ताहरुबाट गराएकोले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को प्रयोजनको लागि त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराए सरह मानी सो ऐन बमोजिम १३ प्रतिशतका दरले गरिएको कर निर्धारण तथा जरिवाना माग गर्ने भन्ने व्यहोरा कानूनसम्मत नभएको भनी उल्लेख गरेको देखिन्छ। आन्तरिक राजस्व कार्यालय, ललितपुरबाट भएको अन्तिम कर निर्धारण आदेशमा करदाताले फरक कम्पनी जिओ स्पेश ट्राभल एण्ड टुर्स प्रा.लि.को आम्दानी समेतलाई आफ्नो कम्पनीबाट मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ बमोजिम करकट्टी लिएको रकम लगातार ६ महिनासम्म मिलान गरेर बाँकी रहेको भए एकमुष्ठ फिर्ता पाउन निवेदन दिन सकिने कानूनी व्यवस्था हुँदा हुँदै करदाताले उक्त व्यवस्थाको पालना नगरी कर कार्यालयलाई कुनै किसिमको जानकारी वा सूचना समेत नदिई आफूखुसी मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम दाखिला गर्नुपर्ने देखिएको रकमलाई दाखिला नगरी मूल्य अभिवृद्धि कर विवरणको अन्य थपघटको डेबिट महलमा राखी करदाताले हिसाव समायोजन गरेको भन्ने व्यहोरा उल्लेख भएको देखिन्छ।

११. पुनरावेदक करदाताले कर परीक्षणको क्रममा आन्तरिक राजस्व कार्यालय, ललितपुर समक्ष पेश गरेको कागजात तथा अन्य विवरणहरुमा आ.व.२०७२।०७३ मा पूंजीकरण गरेको रकम मध्ये रु.१४,३९,३३,५७६।९२ मूल्य अभिवृद्धि करमा दर्ता नभएका आपूर्तीकर्ताहरुबाट संरचनाको निर्माण गराई सो रकमको १३ प्रतिशतले हुने कर रकम रु.१,७८,११,३६५।- दाखिला नगरी २०७३ आषाढ र २०७३ चैत्र महिनाको कर विवरणको अन्य थपघट डेबिट महलमा क्रमशः रु.५०,१२,७८१।- र रु.१,३६,९८,५८५।- राखी हिसाव समायोजन गरेको देखिन्छ। संरचनाको निर्माणको कार्य स्वामित्व कायम रहने व्यक्ति आफैंले निर्माण सामाग्री खरिद गरी, आफ्नै पेरोलमा मजदुरहरु नियुक्ति गरी, आफ्नै अमानतमा सो संरचना निर्माण गरेमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) आकर्षित नहुने तथा सो निर्माण कार्य मध्ये केहि भाग अरुलाई ठेक्कामा दिएमा र सो ठेक्का रकम पचास लाख रु.पैंया वा सो भन्दा कम भएमा पनि प्रभावी नहुने भन्ने करदाताले जिकिर लिएको देखियो।

१२. मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) मा व्यवसायिक प्रयोजनका लागि निर्माण गरिने ५० लाख रुपैया भन्दा बढिको भवन निर्माण गर्दा दर्ता नभएको व्यक्तिबाट निर्माण गराएमा त्यस्तो निर्माण दर्ता भएको व्यक्तिबाट गराएको सरह मानी कर दाखिला गर्नुपर्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ। साथै मूल्य अभिवृद्धि कर निर्देशिका २०६९ को परिच्छेद-३ को अनुच्छेद ३.१५ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको व्यक्तिको लागि मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) को व्यवस्था आकर्षित हुने उदाहरण समेत उल्लेख गरेको पाईन्छ। मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ को उपदफा (१) मा "दर्ता भएको व्यक्तिले आफ्नो कर लाग्ने कारोवारसँग सम्बन्धित वस्तु वा सेवा आयात वा प्राप्त गर्दा तिरेको वा तिर्नु पर्ने करको रकम आफूले उठाएको करको रकमबाट कट्टी गर्न सक्नेछ" भन्ने कानूनी व्यवस्था उल्लेख भएको देखिन्छ। यसरी करकट्टीका सम्बन्धमा मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १७ मा व्यवस्था गरिएको तर ऐ.ऐनको दफा ८(३) बमोजिम दाखिला गरेको मूल्य अभिवृद्धि करका सम्बन्धमा ऐ.को दफा १७ बमोजिम कर कट्टी दावी गर्न पाउने व्यवस्था उल्लेख भएको देखिदैन। यस अवस्थामा करदाताले मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ८(३) बमोजिम दाखिला गर्नुपर्ने कर रकमलाई मूल्य अभिवृद्धि कर विवरणको अन्य थपघटको डेबिट महलमा समायोजन गरी दावी गरिएको रकममा हिसाव मिलान गर्न पाउनु पर्दछ भन्ने पुनरावेदन जिकिर कानूनसम्मत देखिदैन। तसर्थ प्रस्तुत विवादका सम्बन्धमा ठूला करदाता कार्यालयबाट भएको अन्तिम कर निर्धारण आदेश मिलेकै देखिन्छ।

१३. अतः माथि विवेचित आधार एवं कारण समेतबाट करदाता साविक श्री सि.जी. सफारी एण्ड टुर्स प्रा.लि. (स्थायी लेखा नं.३०४१३१४३७) हाल मेघौली सेराई सफारी

रिसोर्ट प्रा.लि.को आ.व. २०७२/०७३ देखि २०७५/०७६ सम्मको मूल्य अभिवृद्धि कर तर्फको अन्तिम कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय ललितपुरबाट मिति २०७५।१२।२५ मा भएको आदेश तथा सोही आदेश सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।०१ मा भएको निर्णय समेत मिलेकै देखिँदा सदर हुने ठहर्छ। करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन। अरु तपसिल बमोजिम गर्नू।

<u>तपसिल खण्ड</u>

१. फैसलाको प्रतिलिपी सहित फैसला भएको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. प्रस्तुत फैसलाको विद्युतिय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपी माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपी दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल आन्तरिक राजस्व कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमती छ।

बासुदेव खनाल
(लेखा सदस्य)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
शाखा अधिकृतः प्रमोद रिजाल
कम्प्यूटर अपरेटरः चन्द्र बहादुर नेपाली
ईति सम्वत् २०७९ साल फागुन ३० गते रोज ३ शुभम् ------------------------
फैसला प्रमाणिकरण मितिः-
प्रमाणिकरण गर्ने लेखा सदस्यः-

राजस्व न्यायाधिकरण काठमाडौं, मुकाम ललितपुरको छाप